# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.

च. नं.

प्रेस विज्ञप्ति

(२०६९ चैत १ गते राति १२ बजेपछिमात्र प्रयोग गर्न सकिने)

२०६९ चैत १ गते

सन्दर्भ: अन्तर्राष्ट्रिय उपभोक्ता अधिकार दिवस (मार्च १५)

## उपभोक्ता हकहित संरक्षण र न्याय - मानव अधिकार

वस्तु र सेवाको उत्पादन, भण्डारण र वितरणको सन्दर्भमा देशको ऐन, कानुन र कार्ययोजनाले उपभोक्ताहरूको हकहित र न्याय सुनिश्चित गरेता पनि थुप्रै अध्ययन र अनुगमनले त्यसको व्यावहारिक कार्यान्वयन हुन नसकेको तथ्य स्पष्ट पारेका छन् ।

'उपभोक्ता संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय मार्गनिर्देशिका, १९९९' र राष्ट्रिय मानव अधिकार आयोगले जारी गरेको 'उपभोक्ता मानवअधिकार संरक्षण तथा सम्वर्द्धनका लागि अनुगमन मार्गनिर्देशिका-२०६८' ले उपभोक्ताको हकहितको सवाललाई मानव अधिकारको क्षेत्राधिकारका रूपमा स्थापित गरिसकेको छ ।

देशमा उपभोक्ताको हकहितबारे बनेको नीति-नियमको प्रभावकारी कार्यान्वयन हुन नसक्नु, उपभोक्ताहरू पाइला-पाइलामा ठगिनु, उपभोक्ताहरूले समयमै गुणस्तरीय वस्तु र सेवा सहज ढङ्गले प्राप्त गर्न नसक्नु आजको प्रमुख चुनौती हुन् । त्यसमाथि खाद्य पदार्थमा मिसावट; अस्वस्थकर खानेकुरा; कमसल शिक्षा र स्वास्थ्य सेवा; अनियमित तथा अस्वस्थकर खानेपानी वितरण प्रणाली; अनियमित विद्युत आपूर्ति; बेथितिपूर्ण यातायात सेवाजस्ता समस्याले देशमा उपभोक्ताहरूमाथि न्याय हुन नसकेको सर्वत्र महसुस गरिएको छ ।

स्वास्थ्य, शिक्षा, सेवा, सूचना, छनौट, सुनुवाइ र क्षतिपूर्तिसँग गाँसिएका सवालहरू उपभोक्ताको हकहित संरक्षण र न्याय प्राप्तिको अधिकारसँग गाँसिएको छ । जनसरोकारका यी सवालहरूलाई सम्बोधन गर्न सरकार विशेष रूपमा क्रियाशील र सजक हुन आवश्यक छ । साथै नियमनकारी निकाय, उपभोक्तावादी संघ-संस्था, उपभोक्ता र सचेत नागरिकको संगठित प्रयासबाट उपभोक्तालाई न्याय दिन सकिन्छ ।

उपभोक्ता हकहित र न्यायसँग गाँसिएका सबै पक्षलाई इमान्दारितापूर्वक जिम्मेवारी पूरा गर्न एवम् जनस्वास्थ्य र जनजीविकामा खेलवाड गर्नेहरूउपर कानुनी कारबाही गरी उपभोक्तालाई न्याय प्रदान गर्न आयोग सरकारसँग आग्रह गर्दछ ।

(वेदप्रसाद भट्टराई)

का.मु. सचिव